नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
ओखलढुङ्गा

पत्र संख्या. २०७६/७७
चलानी नं.-

मितिः- २०७७/०३/२५

## जिल्ला प्रशासन कार्यालय ओखलढुङ्गाबाट जारी गरिएको संसोधित सूचना

(अत्यन्त जरुरी सूचना)

प्रस्तुत विषयमा नेपाल सरकार गृह मन्त्रालयको चं.नं. ४१५२ मिति २०७७/०२/२९ को पत्रानुसार प्राप्त नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।०२।२८ को निर्णय बमोजिम भएको वन्दावन्दी (Lockdown) कार्यान्वयन सम्वन्धमा यस कार्यालयबाट मिति २०७७/०२/३० र मिति २०७७/०३/२१ मा सूचना जारी गरिएकोमा गृह मन्त्रालयको च.नं. ४५८३ मिति २०७७/०३/२५ को पत्रबाट थप भएका विषय **(बुँदा नं. अ. १. को (ड), बुदा नं. २ को (छ) (छ१) (छ२) र आ. (ग))** सहित देहायको संसोधन अनुसार कार्यान्वयन गर्नुहुन अनुरोध छ ।

**अ. तत्काल प्रारम्भ भई २१ दिनसम्म कायम रहने अवस्था निम्नानुसार रहेका छन ।**

**१. देहायबमोजिमका सेवा र कार्यहरु हाललाई सञ्चालन नगर्नेः-**

क) शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र),
ख) अनुमतिप्राप्त वाहेकका अन्तर्राष्ट्रिय तथा आन्तरिक उडानहरु,
ग) तोकिएबाहेकका अन्तर्राष्ट्रिय सीमा नाकाबाट हुने आवतजावत,
घ) सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार,
ङ) सबै प्रकारका प्रदेर्शन, भेला तथा सम्मेलन,
च) सिनेमा हल, पार्टी प्यालेस, डान्सबार लगायतका मनोरञ्जन स्थल,
छ) सार्वजनिक पुस्तकालय, सङ्ग्रहालय, चिडियाखाना,
ज) स्पा, सैलुन तथा ब्युटी पार्लर,
झ) स्विमिङ पुल, जिमखानालगायत हेल्थ क्लब,
ञ) सपिङ मल,
ट) समूहमा खेलिने खेलकुद र खेलमैदनमा हुने प्रस्तुति,
ठ) सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल,
**ड) काठमाण्डौ उपत्यकाको हकमा काठमाण्डौ उपत्यकाभित्र र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाभित्र मात्र सञ्चालन हुने यात्रुबाहक सार्वजनिक सवारी साधनबाहेकका अन्य यात्रुबाहक सार्वजनिक सवारी साधन।**
ढ) काठमाण्डौ उपत्यकाको हकमा काठमाण्डौ उपत्यकाभित्र र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाभित्र मात्र जोर बिजोर प्रणालीमा सञ्चालन हुने मोटरसाइकल र निजी सवारी साधन बाहेक अन्य निजी सवारी साधन ।

**२. दुई मिटरको सामाजिक दूरी कायम गर्ने, मास्क प्रयोग गर्ने, पटकपटक साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने लगायतका जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गर्ने गरी देहायबमोजिमका सेवा र कार्यहरु सञ्चालन गर्ने;**

क) स्वास्थ्यसँग सम्बन्धित सबै सेवा (निजी क्लिनिकसमेत),

कृष्ण पौडेल
प्रमुख जिल्ला अधिकारी

०३७ - ५२०१३३ प्र.जि.अ.
०३७ - ५२०१३१ स.प्र.जि.अ.
०३७ - ५२०१३२ प्रशासन
०३७ - ५२०१८२ फ्याक्स
Website: daookhaldhunga.moha.gov.np
Email : daookhaldhunga@gmail.com

ख) सबै प्रकारका कृषि र पशुपन्छी व्यवसाय (उत्पादनदेखि बिक्री वितरणसम्मका सबै श्रृङ्खला),

ग) उद्योग ,व्यापार, व्यवसाय, पसल ,डिपार्टमेन्ट स्टोर,

घ) सबै प्रकारका ढुवानी,

ङ) पैदल आवागमन,

च) साइकल,

**छ) काठमाण्डौ उपत्यकाको हकमा काठमाण्डौ उपत्यकाभित्र र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाभित्र मात्र जोर बिजोर प्रणालीमा सञ्चालन हुने गरी निजी सवारी साधन (चालक बाहेक थप २ जनासम्म र परिवारभित्रका ५ वर्षसम्मका बालबालिका मात्र सवार हुने) र जोर बिजोर प्रणालीमा सञ्चालन हुने गरी निजी मोटरसाइकल।**

**छ१) काठमाण्डौ उपत्यकाको हकमा काठमाण्डौ उपत्यकाभित्र र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाभित्र मात्र सञ्चालन हुने ट्याक्सी (चालक बाहेक बढीमा २ जनासम्म र परिवारभित्रका ५ वर्षसम्मका बालबालिका मात्र सवार हुने)**

**छ२) काठमाण्डौ उपत्यकाको हकमा काठमाण्डौ उपत्यकाभित्र र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाभित्र मात्र सञ्चालन हुने यात्रुबाहक सार्वजनिक यातायात (चालकसहित सिट क्षमताको बढीमा ५० प्रतिशत यात्रु रहने, एक पङ्क्तिको सिटमा सामाजिक दुरी कायम हुने गरी १ जना मात्रै राख्ने, सबै यात्रुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, सवारी साधनमा यात्रु चढ्ने समयमा सवारी साधनको ढोकामा र सवारी साधनभित्र स्यानिटाइजरको व्यवस्था गर्ने, चालक तथा सहचालकले समेत अनिवार्य रुपमा मास्क, भाइजर र पन्जा लगाउने र सवारी साधनलाई दैनिक निसङ्क्रमित गर्ने**

**<u>स्पष्टीकरण</u>: यो व्यवस्था लागू रहँदासम्मका लागि मात्र यस उपखण्डको प्रयोजनको लागि ट्याक्सीबाहेकका अन्य सवारी साधनका हकमा तोकिएको भाडा दरको पचास प्रतिशतसम्म थप भाडालिन पाउनेछ।**

ज) फोहोरमैला व्यवस्थापन,

झ) विद्युत, दमकल, एम्बुलेन्स, सञ्चार तथा प्रसारण, हुलाकसम्बन्धी सेवा,

ञ) नर्सरी र वनजन्य उद्यम,

ट) विकास आयोजना (निजी क्षेत्रबाट प्रवर्द्धितसमेत)

ठ) निर्माण कार्य (निजीसमेत)

ड) नदी तथा खानीजन्य पदार्थ उत्खनन, सङ्कलन, ढुवानी र बिक्रीवितरण,

ढ) रेष्टुरेण्टबाट हुने प्याकिङ तथा टेक अवे सेवा,

ण) क्वारेन्टिनका लागि तोकिएका होटल र यातायातका साधन,

**आ. मिति २०७७/०३/०१ गते देखि प्रारम्भ भई २१ दिनसम्म कायम रहने अवस्था निम्नानुसार रहेका छन्;**

क) बैंक तथा वित्तीय संस्था, सहकारी र बीमा सेवा,

ख) सरकारी कार्यालय, शिक्षण संस्थाका कार्यालय, गैरसरकारी तथा निजी क्षेत्रका कार्यालय र बैंक तथा वित्तीय संस्थाहरु (बिहान ८ बजेदेखि दिउँसो १ बजेसम्म र दिउँसो १ बजेदेखि साँझ ६ बजेसम्म दुई सिफ्टमा सञ्चालन गर्ने),

कृष्ण पौडेल
प्रमुख जिल्ला अधिकारी

ग) उद्योग प्रतिष्ठान र निजी सेवाप्रदायक कार्यालयका श्रमिक तथा कर्मचारी ओसारपसार गर्न प्रयोग गरिने सवारी साधन (सीटको एक लहरमा एक जना यात्रु मात्रै राखे, सबै यात्रुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, स्यानिटाइजरको व्यवस्था गर्ने, सवारी साधनलाई दैनिक निसंक्रमित गर्ने),

घ) व्यवसायीहरुले औषधी र औषधीजन्य सामग्रीहरुको नियमित आपूर्तिको व्यवस्था गर्ने। अभाव देखाई मूल्य वृछि गर्ने वा कालोबजारी, जम्माखोरी गर्ने वा लुकाउने वा आपूर्तिमा अवरोध गर्ने व्यक्तिलाई प्रचलित कानूनबमोजिम नियन्त्रणमा लिने, सामग्री जफत गरी रोगको रोकथाम र उपचारको कार्यमा उपयोग गर्ने,

ङ) अत्यावश्यक काममा अन्तरजिल्ला आवागमन गर्नुपरेमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिनुपर्ने,

इ. उपर्युक्त सेवा तथा कार्य सञ्चालन गर्दा सम्बन्धित कार्यालयले जनस्वास्थ्य र सुरक्षा मापदण्डका आधारमा आ-आफ्नो कार्यक्षेत्रभित्र पर्ने विषयहरुको सम्वन्धमा सम्वन्धित मन्त्रालयले तयार गरेको प्रोटोकल अनुसार कार्यान्वयन गर्ने ।

ई. परिस्थितिको समीक्षा एवं संक्रमणको जोखिम विश्लेषणका आधारमा उल्लिखित व्यवस्थामा आवश्यक हेरफेर एवं संक्रमणको जोखिम विश्लेषणका आधारमा उल्लिखित व्यवस्थामा आवश्यक हेरफेर एवं थपघट गर्न सकिनेछ।

उ. वन्दावन्दी (Lockdown) कार्यान्वयन सम्वन्धमा माथी उल्लेखित व्यवस्था अनुसार नभएको अवस्थामा संक्रामक रोग ऐन, २०२० अनुसार कार्वाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

(कृष्ण पौडेल)
प्रमुख जिल्ला अधिकारी

०३७ - ५२०१३३ प्र.जि.अ.
०३७ - ५२०१३१ स.प्र.जि.अ.
०३७ - ५२०१३२ प्रशासन
०३७ - ५२०१८२ फ्याक्स

Website: daookhaldhunga.moha.gov.np
Email : daookhaldhunga@gmail.com